# लालबन्दी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## लालबन्दी, सर्लाही, मधेश प्रदेश, नेपाल
## आन्तरिक आय(बजार)ठेक्कासंग सम्वन्धित सूचना ।
### (दोश्रो पटक प्रकासित मिति :२०८२/०४/०६)

यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ५९ र ६१ मा व्यवस्था भए बमोजिम देहाय बमोजिमका आन्तरिक आय संकलन आ.ब. २०८२/०८३ का लागि लालबन्दी नगरपालिकाले तोकेको दररेटमा ठेक्का बन्दोवस्त मार्फत संकलन गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनिहरुबाट निम्न लिखित शर्तहरुको अधिनमा रही आफ्नो फर्म ईजाजत पत्र नवीकरण भएको प्रमाण पत्र, मु.अ. कर दर्ता प्रमाण पत्र/स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र, आर्थिक बर्ष २०८०/०८१ को कर चुक्ताको प्रमाणित प्रतिलिपिहरू सहितको लिखित निवेदनका साथै तोकिएको दस्तुरमा दरभाउ पत्र फारम यस कार्यालयबाट सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र)दिनभित्र खरिद गरी रीत पूर्वकको गोप्य शिलबन्दी दरभाउ पत्र १६ (सोह्रौं) दिनको मध्यान्ह १२:०० बजे भित्र पेश गर्नु हुन नगर कार्यपालिकाको मिति २०८२।०२।२७ गतेको निर्णयानुसार सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

## तपसिल

| ठेक्का नं. | ठेक्काको किसिम | क्षेत्र | न्यूनतम अंक(मु.अ.कर बाहेक) | बोलपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| आ.आ. ०४/०८२/०८३ | गुदरी वजार, राँगा, मासु, सुँगुर तथा फलफुल बजार ठेक्का ,नवलपुर | लालबन्दी न.पा. वडा नं. १, नवलपुर बजार | रु.१८,५२,४५५।(रु अठार लाख, बाउन्न हजार, चार सय पचपन्न मात्र) | रु.१०००।(रु एक हजार मात्र) | |
| आ.आ. ०५/०८२/०८३ | कवाडी माल संकलन कर ठेक्का | लालबन्दी न.पा. क्षेत्र | रु.८,०१,०००।(रु आठ लाख, एक हजार मात्र)क | रु.१०००।(रु एक हजार मात्र) | |

## सर्तहरु :

१. ठेक्का अवधी सम्झौता भएको मितिदेखी २०८३ आषाढ मसान्त सम्मको लागि हुनेछ ।

२. धरौटी वापत कबोल अंकको (मू.अ. कर सहित) ५(पाँच) प्रतिशतले हुन आउने रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, लालबन्दी शाखामा रहेको धरौटी खाता नं. १२८०१००३०३००००२ मा नगद रकम जम्मा गरेको अर्धकट्टीको सक्कल भौचरको वा"क"वर्गको बैंकबाट ठेक्का नं. उल्लेख गरी यस कार्यालयको नाममा जारी गरेको कम्तिमा १२० दिनको म्याद भएको रितपूर्वकको बोलपत्र जमानत(बिड बण्ड) शिलबन्दी दरभाउ पत्रका साथ पेश गर्नु पर्नेछ । धरौटी बापतको रकम यस कार्यालयबाट नगद बुझिने छैन ।

३. दरभाउ पत्र दाताले आफुले कबोल गरेको रकमलाई अंक र अक्षरमा स्पष्ट साथ लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईने छ ।

४. सवै किसिमको ठेक्कामा हालको कानूनी व्यवस्थामा नेपाल/प्रदेश सरकारबाट अन्य निर्णय भई आएमा सोही वमोजिम हुनेछ । आफुले कबोल गरेको ठेक्कामा लाग्ने नेपाल सरकारको मु.अ. कर,अन्य कर रशुल्क दरभाउ पत्रदाता स्वयंले ब्यहोर्नु पर्नेछ ।

५. स्वीकृत दरभाउ पत्रदाताले आफुले कवोल गरेको कुल रकम दरभाउ पत्र स्विकृत भएको मितिले १५(पन्ध्र) दिनभित्र कुनै छुट नहुने गरी प्रथमकिस्ता वापत ३४ प्रतिशत नगद र बाँकी रकमको १३(तेह्र) महिना म्याद भएको कार्य सम्पादन जमानत (बैंक ग्यारेण्टी)बुझाउनु पर्नेछ र सो को आधारमा सम्झौता गरी पट्टा उपलब्ध गराइने छ। दोश्रो किस्ता वापतको रकम सम्झौता भएको मितिले ४(चार) महिना पश्चात ३३ प्रतिशत र तेश्रो किस्ताको बाँकी ३३ प्रतिशत रकम ठेक्का सम्झौता मिति समाप्त हुनु भन्दा १(एक) महिना अघि कार्यालयमा दाखिला गरि सक्नु पर्नेछ।दरभाउ पत्रदाताले उल्लेखित प्रकृया अनुसार किस्ता रकम जम्मा नगरेमा कार्य सम्पादन जमानत (बैंक ग्यारेण्टी) वाट जफत गरी रकम अशुल गरिने छ । दरभाउ पत्रदाताले रकम दाखिला गर्दा कबोल रकम र मु.अ. कर रकम छुट्टा छुट्टै दाखिला गर्नु पर्नेछ ।

६. लालबन्दी नगरपालिकालाई तिर्नुपर्ने बाँकी रकम तथा जिन्सी सामानहरु वक्यौता देखिएमा त्यस्ता फर्म वा कम्पनिहरुको नाममा ठेक्का स्वीकृती हुने छैन र निजको बक्यौता रकम धरौटीवाट असूल उपर गरी बाँकी रकम भुक्तानी गरिने छ ।

७. जुनफर्म वा कम्पनिको नामबाट दरभाउ पत्र खरिद भएको हो सोही फर्म वा कम्पनिको नामबाट मात्र दरभाउ पत्र दर्ता गर्न सकिने छ। अन्य फर्म वा कम्पनिहरुको नामबाट दर्ता गराएको दरभाउ पत्रलाई मान्यता दिईने छैन । साथै हुलाक सेवा, कुरियर आदीबाट पठाएको दरभाउ पत्र स्वीकार्य हुने छैन । शिलबन्दी खाममा कुन ठेक्काको लागि दरभाउ पत्र दाखिला गरेको हो स्पष्ट रुपले खुलाउनु पर्नेछ । साथै दरभाउ पत्र दाताको नाम र ठेगाना स्पष्ट रुपले खामको वाहिर उल्लेख गरेको हुनु पर्नेछ ।

८. माथि उल्लेख भएको ठेक्काहरु मध्ये सवै वा छुट्टा छुट्टै रुपमा पेश गर्न सकिने छ । उक्त बमोजिम पर्न आएको दरभाउ पत्र स्वीकृती गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

९. यो सूचना प्रकाशित भएको मितिले १५औं दिनभित्र लालबन्दी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट दरभाउ पत्र फाराम खरिद गरी १६ औं दिनको मध्यान्ह १२:००वजे भित्र लालबन्दी नगरपालिका,नगर कार्यपालिकाको कार्यालयमा दर्ता गराउनु पर्नेछ र सोही दिनको ०२:०० वजे लालबन्दी नगर कार्यपालिकाको कार्यालयमा दरभाउ पत्र खोल्ने कार्य हुने छ। दरभाउ पत्र फाराम खरिद तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा लगतै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छः एक पटक दर्ता भै सकेको दरभाउ पत्र फिर्ता हुने छैन ।

१०. ठेक्का सम्झौता भएपछी ठेकेदारले आर्थिक ऐन, २०८२ मा उल्लेखित दररेटमा शुल्क उठाउनु पर्नेछ ।

११. दरभाउ पत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र लालबन्दी नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गरी बुझ्न सकिने छ । अन्य कुराहरु प्रचलित ऐन, नियम र कानून अनुसार हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**